# गीत धेरै चले पनि गायक/गायिका नचिनिने समस्या छ : ईश्वरी बराल

**सञ्चारकर्मसँगै गायन क्षेत्रमा आफूलाई तल्लीन राख्दै आउनुभएको छ ईश्वरी बरालले । लमजुङ स्थायी घर हुनुभएकी ईश्वरी काठमाडौंलाई कर्मथलो बनाएर आफ्ना क्रियशन श्रोता/दर्शकमाझ पस्किरहनुभएको छ । समाचार लेख्ने र वाचनमा कुशल उहाँ गायनमा पनि त्यत्तिकै सक्रिय हुनुहुन्छ । उहाँको स्वरमा रहेका 'हरेक रात सपनीमा', 'नरिसाउन होइ', 'खानदानी छोरी', 'माया छ कि छैन' जस्ता गीत रुचाइएका छन् । 'लभ पर्न सक्छ' गीत श्रोता/दर्शकमाझ ल्याएर यो क्षेत्रमा औपचारिक पाइला चाल्नुभएकी ईश्वरीका आधा दर्जनजति सिंगल र दर्जन बढी समूह गीत रहेका छन् । स्कुल/कलेज पढ्दै गर्दा कार्यक्रममा गीत गाउनुहुने उहाँ सुरुका दिनमा रहरले यो क्षेत्रमा प्रवेश गरे पनि यतिबेला भने स्थापित गायिकाको परिचय बनाउन सफल हुनुभएको छ । दर्शक/श्रोताको प्रतिक्रियाले आनन्द मिल्ने बताउनुहुने ईश्वरी आफूमा गीत संगीतको नशा रहेको सुनाउनुहुन्छ । हामीकहाँ गीत धेरै चले पनि गायक/गायिका नचिनिले समस्या हुने गरेको आफूले पाएको बताउनुहुने गायिका तथा सञ्चारकर्मी ईश्वरी बरालसँग हिमालय टाइम्सका लागि गीता अधिकारीले गर्नुभएको संवादको संक्षिप्त अंशः–**

**गीत संगीतको क्षेत्रमा किन आउनुभयो ?**

आफ्नै रुचिले आएँ । अध्ययन र पत्रकारितामा व्यस्त भएका कारण धेरैपटक गीत संगीत मेरा लागि होइन, म सक्दिन, समय दिन भ्याउदिन भनेर संगीततिर ध्यान नदिए पनि रहर मर्नुको सट्टा झन् बढ्दै जान थाल्यो । सानैदेखि अलि-अलि गाउँथेँ । एसएलसीपछि विस्तारै भोकल प्राक्टिसका लागि माहोल मिल्न थालेको थियो । प्लस टु पढ्दै गर्दा आफ्नै कलेज (स्वयम्भुस्थित रेन्वो इन्टरनेसनल)ले आयोजना गरेको सांगीतिक कार्यक्रममा स्टेजमा गाएपछि मलाई मैले पनि गीत गाउन सक्ने रहेछु भन्ने थाहा पाएँ । शिक्षक र साथीहरूले तारिफ गर्नुहुन्थ्यो । कलेजमा मैले नचिनेका अरू फ्याकल्टीका साथीहरू पनि बोल्न आउनुहुन्थ्यो । त्यसपछि फुर्सदको समयमा भोकल प्राक्टिस गर्न थालेँ । मैले पनि बजारमा गीत निकाल्न पाए हुन्थ्यो भन्ने किसिमको रहर लाग्न थाल्यो तर यो क्षेत्र मेरा लागि अत्यन्तै नयाँ थियो । मेरो आफन्त वा चिनेजानेको कोही यस क्षेत्रमा हुनुहुन्नथ्यो । त्यतिबेलै गीत निकाल्ने रहर पूरा हुन सकेन ।

ब्याचलर पढ्न आरआर कलेज गएँ । पत्रकारिता पढ्दै मिडियामा समाचार रिपोर्टिङ सिक्न थालेँ । भद्रकालीस्थित सरकारी समाचार संस्था राष्ट्रिय समाचार समिति (रासस) मा न्युजमा काम सुरु गरे पनि त्यहाँ लामो समय बस्ने मौका मिलेन । त्यहाँबाट पानीपोखरीस्थित इमेज ग्रुप अफ कम्पनिजमा प्रवेश गरेँ । त्यहाँ म समाचार लेख्ने र वाचन गर्ने गर्थें ।

इमेजमा गएपछि पत्रकारितासँगै गीत संगीतको माहोलले फेरि लोभ्याउन थाल्यो । समाचार र मनोरञ्जन प्रदान गर्दै आएको ठूलो प्राइभेट मिडिया हाउस इमेजले थुप्रै र गुणस्तरीय सांगीतिक कार्यक्रम सञ्चालन गर्ने भएकाले अफिसमा चल्तीका कलाकारहरूको बाक्लै उपस्थिति हुन्थ्यो । म पनि इमेजमै कार्यरत पत्रकार भएका कारण धेरै कलाकारहरूसँग राम्रो चिनजान हुन थाल्यो । त्यही माहोलमा वरिष्ठ गीतकार, गजलकार डा. कृष्णहरि बराल अंकलसँग भेट भयो । अंकलसँगको सहकार्यमा मेरो पहिलो गीत 'लभ पर्न सक्छ' रेकर्ड भयो । तर, त्यसको भिडियो बन्न सकेन । गीतलाई नै रिरेकर्ड गरेर तीन-चार वर्षअघि मात्रै युट्युबमा राखेको छु ।



संवाद

**गायनको औपचारिक सुरुवात ?**

'लभ पर्न सक्छ' गीत दोस्रोपटक २०७३/२०७४ सालतिर रेकर्ड गरेको हो । त्यसलाई नै औपचारिक सुरुवात मान्नुपर्छ । तर, मैले गीतलाई मात्रै समय दिन नभ्याएका कारण ग्याप भयो । त्यसपछि 'हरेक रात सपनीमा', 'नरिसाउन होइ', 'खानदानी छोरी', 'माया छ कि छैन' जस्ता मेरा सिंगल गीतहरू रहेका छन् भने दर्जन बढी गीतहरूमा ग्रुप गायन गरेकी छु ।

**तपाईं कसका लागि गीत गाउनुहुन्छ ?**

म सुरुमा आफ्ना लागि मात्रै र आफ्नो खुसीका लागि मात्रै गीत गाउँथेँ तर अहिले गीत गाउनुको अर्थ र कारणको दायरा फराकिलो हुँदै गएको छ । मेरो खुसीसँगै जोडिएको मेरो घरपरिवार, मलाई माया गर्नेहरू र दर्शक श्रोताका लागि गीत गाउँछु । उहाँहरूको प्रतिक्रियाले आनन्द मिल्छ ।

**गीत संगीतमा लागेर बाँच्न सकिन्छ नि ?**

मैले संगीतलाई मात्रै पेशा नबनाएका कारण यसबारे जानकारी छैन । तर, संगीतलाई मात्रै समय दिने हो भने यसबाट राम्रै कमाई हुन सक्ने मैले साथीहरूले भनेको सुनेकी छु । बाहिरबाट हेर्दा स्टेज र सामाजिक प्लेटफर्मबाट कमाइ हुने देखिन्छ तर वास्तविकता नहुन पनि सक्छ । मैले पनि मेरो आफ्नै युट्युब च्यानल (श्री ईश्वरी प्रोडक्सन)मार्फत् गीतहरू सार्वजनिक गर्न थालेकी छु । मेरो यसअघिको माया छ कि छैन गीत सार्वजनिक गरेर आफ्नो युट्युब सुरु गरेकी हुँ । मेरो भर्खरै रिलिज भएको गीत 'नैना रेसम' पनि आफ्नै युट्युबमार्फत् सार्वजनिक गरेको हो । युट्युबबाट पनि केही कमाइ भएको छ ।

**संगीत सिक्नुभयो कि ?**

सिकेँ नि । मैले जमलस्थित गन्धर्व विद्यालयमा चन्दन श्रेष्ठ गुरुसँग संगीत सिकेकी हुँ । कोभिडपछि थानेश्वर गौतम, नरहरि प्रेमी सरसँग सिकेर अहिले गायकीमा प्राक्टिस गरिरहेकी छु ।

**आफ्ना गीतका भिडियोहरूमा आफू पनि देखिनुभएको छ, मोडलिङ पनि सिक्नुभएको हो ?**

मोडलिङ होइन तर डान्सचाहिँ सिकेको हो । गीत धेरै चले पनि गायिका नचिनिले समस्या हुँदोरहेछ । मेरा गीतहरू 'नरिसाउन होइ माया' र खानदानी छोरी मा' त्यस्तै भएको थियो । 'खानदानी छोरी'को रिमिक्स भर्सन करोड क्लबमा प्रवेश गर्ने तरखरमा छ तर गायिका म हो भन्ने धेरैलाई थाहा छैन । आफ्नो गीतमा दर्शक, श्रोता झुमेको, रमाएको देख्दा भने निकै खुसी लाग्छ ।

यो सम्बन्धमा एउटा किस्सा पनि छ । बबरमहलस्थित सत्यवती कला केन्द्रमा म डान्स सिक्थेँ । क्लासमा डान्स सिकाउने गुरुआमाले 'खानदानी छोरी'को डिजे भर्सनमा पनि डान्स प्राक्टिस गराउनुहुँदो रहेछ । आफ्नो गीतमा नाच्न पाएपछि म झन् एक्साइटेड भएर नाच्न थालेँ, म्यामले 'किन खुसी हुनुभयो त बहिनी' भनेर सोध्नुभयो, मैले 'आफ्नै गीतमा नाच्न पाएर नि' भनेँ । म्यामले नपत्याएर धेरैपटक भेरिफाइ गर्नुभयो । मलाई



चिनिसकेपछि भने स्पेसल कोर्समा डान्स सिकाउनुभयो । भिडियो सुट र क्यामेराको अगाडि पर्फम गर्ने धेरै आइडियाहरू दिनुभयो । त्यसपछिका गीतहरू बनाउँदा मैले गाउने सँगसँगै भिडियो फिचरिङलाई पनि ध्यान दिन थालेकी छु ।

**घरपरिवारको सहयोग कस्तो छ ?**

मेरो सामान्य परिवार हो । बुबा टिचर, आमा समाजसेवी, दुईजना दाजुहरू हुनुहुन्छ । भाउजू र भदा वेवी हुनुहुन्छ । म एउटी छोरी । पढेलेखेको परिवार भएका कारण मलाई गीत संगीतमा मात्रै लाग्ने छुट भएन, थिएन । एसएलसी फर्ष्ट डिभिजनमा पास गरेर लमजुङबाट पढ्नका लागि काठमाडौं आएको हो । मलाई पत्रकारिता पढ्न धेरै रहर थियो । दाजुले हामी बस्ने स्वयम्भु डल्लु टोलमा रेन्वो इन्टरनेसनल कलेजमा लगेर एडमिसन गराइदिनुभयो । मैले पत्रकारिता नभई कुनै टेक्निकल सब्जेक्ट पढिदिएको भए हुन्थ्यो भन्ने थियो । मैले पत्रकारिता पढ्दा त घरमा सबैजना खुसी हुनुहुन्नथ्यो भने झन् गीत गाउँदा खुसी हुनुहुन्छ होला जस्तो मलाई लाग्दैन । पढाइलाई पनि मास्टर्ससम्म लैजाँदासम्म गीतको संख्याहरू पनि केही थप्दै गएँ । गीत निस्केको बेला हेरेर खुसी भइदिनुहुन्छ । त्यो बाहेक घरमा मेरो गीत संगीतको क्षेत्रबारे खासै छलफल हुँदैन ।

**यो क्षेत्रमा लागेर केही गुनासो छ कि ?**

गुनासो त खासै छैन । गीत संगीतको नशाजस्तै हुने रहेछ । यसमा डुबुल्की लगाएपछि निस्कन गाह्रो हुँदो रहेछ । म रहरका लागि एउटामात्रै गीत गर्छु भन्ने सोचेर प्रवेश गरेकी थिएँ । तर, यो क्षेत्र छाड्न नपरोस् जस्तो हुन थालिसकेको छ । फेरि दर्शक/श्रोताले यति धेरै माया गरिदिनुभएको छ कि म अब यो क्षेत्रलाई टाढा राख्न सक्दैन ।


सुदूरपश्चिचरम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**टीकापुर अस्पताल**
टीकापुर कैलाली, नेपाल

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना सच्याईएको**

**प्रकाशित मितिः २०८१/१०/१९**

यस अस्पतालको मिति २०८१/१०/१८ गते प्रकाशित आर्थिक प्रस्ताव खोल्ने सूचनामा निम्न त्रुटि भएको हुँदा तपसिल बमोजिम सच्याईएको सम्पूर्णमा जानकारी गरिन्छ ।

**तपसिलः**

| प्रकाशित भएको | | | सच्याईए पश्चात हुनुपर्ने | | |
|---|---|---|---|---|---|
| ठेक्का नं. | सफल बोलपत्रदाताहरु | खोलिने समय | ठेक्का नं. | प्राविधिक मूल्याङ्कनमा सफल बोलपत्रदाता | खोलिने समय |
| TH/KAILALI/NCB/GOODS/06/2081-082 Supply, Delivery and Installation of Modualr OT Equipment | Balaji Surgical Suppliers, Dhangadhi, Kailali<br>United Medico Concern Pvt.Ltd. Ghorahi, Dang | दिउँसो १ बजे | TH/KAILALI/NCB/GOODS/06/2081-082 Supply, Delivery and Installation of Modular OT Equipment | Balaji Surgical Suppliers, Dhangadhi, Kailali | दिउँसो १ बजे |

प्र.मे.सु.



**वर्गीकृत डिस्प्ले**

**मोटरसाइकल हरायो**

मिति २०८१/१०/०६ गते जि.का.म. नपा. वडा नं. ५ गैरीगाउ शिवगठ्ठी मोड बाहिर पार्किङ्ग गरि राखेको मेरो **बागमती प्रदेश ०४७ प १३५६** नम्बरको **रातो कालो** रंगको **Pulser 200F** मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिन अनुरोध गर्दछु ।

**नाम : टेक बहादुर भुजेल**
**ईन्जिन नं : DKXCHM37628**
**च्यासिस नं: MD2A13EXUNCM83579**
**सम्पर्क नम्बर : ९८२३४८३४३०**

**वर्गीकृत डिस्प्लेको लागि सिधा सम्पर्क : ०१-४५७८१७७**

**विज्ञापनको लागि हाम्रा सिधा सम्पर्क नम्बरहरु:**
**काठमाण्डौ : ०१-४५७८१७७**
**विराटनगर : ९८४२०५९११०**
**गौर, रौतहट : ९८४५१३५२३४**
**मलंगवा : ९८०४८२३४११**

e-mail: hitanewz@gmail.com
Website : ehimalayatimes.com.np



**डियरवाक ग्रुप लिमिटेडको जगेडाकोषमा रहेको सेयर विक्रि बारे सूचना ।**

**प्रथम पटक प्रकाशित २०८१।१०।१९**

यस डियरवाक ग्रुप लिमिटेडकको साधारण सभाको निर्णयानुसार कम्पनीको जगेडाकोषमा रहेको शेयर हाल कायम रहेका शेयरधनीहरुको लागी विक्रीमा राखिएको यसै सूचनाका माध्यमबाट जानकारी गराईएको हुँदा इच्छुक सेयरधनी महानुभावहरुले कम्पनीमा आई जगेडा सेयर खरिदको लागी निवेदन दिनुहुन तथा केही नवआगन्तुक व्यक्तिहरुबाट समेत सेयर खरिद गर्ने मनसायले निवेदन दिईसक्नु भएकोमा हाल कायम शेयरधनीलाई विक्री नगरी नवआगन्तुकलाई विक्री गर्न नमिल्ने बाध्यात्मक व्यवस्था भएको हुँदा प्रथम पटक प्रकाशित भएको मिति देखि ३५ दिन भित्र आफुले खरिद गर्न चाहेको रकम समेत उल्लेख गरि तोकेको म्याद भित्र तल उल्लेखित बैंक खातामा रकम जम्मा गरेको भौचर र आसय पत्र सहितको निवेदन पेश गर्नु हुन सुचित गरिन्छ । यदी खरिद गर्न आसय नपरेमा कम्पनी ऐन २०६३ को दफा ५६ को उपदफा ११ बमोजिम सेयरधनी वाहेकका लगानी गर्न इच्छुक व्यक्तिहरुलाई समेत विक्री गर्न सकिने व्यहोरा सम्वन्धित सवैको लागी सूचित गरिन्छ ।

**श्री नेपाल इन्भेष्टमेन्ट मेगा बैकको चल्ती खाता नं. ०१२०१०२०२५४११३** मा जम्मा गरी भौचर सहितको आवेदन कम्पनीको रजिष्टर्ड कार्यालय जयवागेश्वरीमा बुझाउनु हुन अनुरोध गरिन्छ ।

विस्तृत जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नुहुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**डियरवाक ग्रुप लिमिटेड**
का.जि.का.म.न.पा–८, जयवागेश्वरी,काठमाडौं
सम्पर्क: ४५८८६१२, इमेल : dwg.deerwalkgroup@gmail.com



रजिष्टर्ड कार्यालय सम्बन्धी सूचना

यस कम्पनीको मिति पौष २८, २०८१ को वार्षिक साधारण सभाको निर्णयबाट कम्पनीको साविक रजिष्टर्ड कार्यालयको ठेगाना काठमाण्डौं ११, काठमाण्डौंबाट परिवर्तन गरी गोदावरी ०८, ललितपुर हुने निर्णय भए बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट ठेगाना परिवर्तन स्वीकृत भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै यस कम्पनीको कर्पोरेट कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. ११, त्रिपुरेश्वरमा नै यथावत रहेको व्यहोरा जानकारी गराइन्छ ।

राधी विद्युत कम्पनी लिमिटेड



**Mayadevi Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Barewa, Rupandehi**
**Lumbini Province, Nepal**

**NOTICE OF REQUEST FOR PROPOSAL (RFP) FOR THE IMPLEMENTATION OF TRAINING WITH OJT (LEVEL II WITH 1696 HOURS) PROGRAM**

**First published date on 1st Feb, 2024**

**Enhanced Skills for Sustainable and Rewarding Employment (ENSSURE) Phase II is a bilateral initiative of the Government of Nepal (GoN) and the Government of Switzerland. ENSSURE II seeks to institutionalize and scale up work-based learnings, mainly the Dual VET apprenticeship, in the federal system. The overall objective of ENSSURE II is to help "Nepalese youths, women, and men, gain social and economic benefits from a federalized TVET system."**

**ENSSURE II is implemented by 3 tiers of government at Federal, Provincial and Local level with technical assistance from Helvetas Nepal. Helvetas Nepal provides TA to federal, provincial, and local governments through Project Support Unit (PSU) at Federal and Provinces.**

In this connection, under ENSSURE -II, Mayadevi Rural Municipality invites request for proposals from interested and competent Training Providers having training facilities with adequate physical infrastructures and Human resources, to implement the Training with OJT (Level II with 1696 hours), program on Professional Motorcycle Mechanics for 20 youths as per the CTEVT's curricula.

Interested bidders can download bid documents from https://mayadevimunrupandehi.gov.np Bidders can apply to more than one training but separate proposals should be submitted for each training package. The bid documents should be submitted inone sealed envelope containing 3 separate envelops of the following documents:

i. Documents for eligibility,
ii. Technical Proposal and
iii. Financial Proposal.

The duly completed proposal should be submitted to the following address:
**Mayadevi Rural Municipality, Barewa, Rupandehi**
Phone : **+977 071 507077**
Mail: **mayadeviruralmun@gmail.com**
Facebook Page: **https://www.facebook.com/mayadeviruralmun**

The consultants will be selected following the Quality and Cost Based Selection (QCBS) method. The minimum score to pass the technical proposal is 60. The weightage of the technical proposal and financial proposal will be 80% and 20% respectively. Any inquiries other than necessary clarifications on the Request for Proposal (RFP) will not be entertained and any type of solicitation will automatically disqualify the bidder from the selection process. Mayadevi Rural Municipality reserves the right to accept or reject any or all proposals without stating any cause.

The deadline for the submission of the proposal is before 05:00 PM, 15thFeb 2024. In case of the last day of submission falls on a public holiday, then the next working day and same time shall be considered as the last date.

**Eligibility Criteria**

To be eligible in the selection process, the Training Institutes must fulfill the following eligibility criteria.

a) Notarized copy of Firm's registration and updated in the office of the Company Registrar indicating at least three years standing of the firm/s;
b) Notarized copy of VAT registration.
c) Notarizedcopy of Valid CTEVT affiliation to conduct1400-1696 hours training in a related occupation or Copy of Valid CTEVT affiliation to conduct the pre/diploma in a related occupation or Evidence of having conducted ENSSURE project's 1696 hrs. training program in the same occupation.
d) Notarized copy of Tax clearance certificate for the last fiscal years ( 2080/81)
e) Notarized copy of Audit report for the last fiscal year (2080/81)
f) At least NRs. 2.5 million average annual turnovers in the last three years.
g) Self-Declaration made in writing by the training provider/s that it is not disqualified for taking part in the procurement proceedings, that it has no conflict of interest in the proposed procurement proceeding, and that it has not been punished for an offense relating to the concerned profession or business.

**Chief Administrator Officer**



**Government of Nepal**
**Ministry of Energy, Water Resource and Irrigation**
**Water Resource and Irrigation Department**
**Babai Bhada Aurahi River Management Project**
**Gulariya, Bardiya**

**Notice for Letter of Intent (LOI)**

**First Date of Publication: 2081/10/19 (1st Feb., 2025 AD)**

This is to notify all the bidders who submitted their bid for the contract identification number mentioned below as per invitation for bids published in the national daily newspaper "Himalayan Times" on 2081/09/12 BS (27th Dec., 2024 AD) that the following listed lowest evaluated and substantially responsive bidder has been selected to award the contract pursuant to Clause 27, (2) (3) and Clause 47 of Public Procurement Act 2063.

| S. N. | Contract Identification No. | Description of Works | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Including VAT and PS (NRs.) |
|---|---|---|---|---|
| 1 | BBARMP/MLB / NCB/01/081-082 | Construction of Launching and Vertical Revetment at Left Bank of Mankhola, Khajura Rural Municipality-7, Banke | R.R.S.S Construction, Dullu Municipality-9, Dailekh | 61,42,372.58 |
| 2 | BBARMP/BLB / NCB/02/081-082 | Construction of Launching, Head wall and Sloping on Left bank of Babai River, Barbardiya Municipality-2, Bardiya | Gaurab Nirman Sewa, Thakurbaba-4, Bardiya | 56,44,152.57 |
| 3 | BBARMP/BKLB /NCB/03/081-082 | Construction of Launching and Vertical Revetment at Left Bank of Budhikula, Barbardiya Municipality-3, Bardiya | Gaurab Nirman Sewa, Thakurbaba-4, Bardiya | 52,77,073.29 |
| 4 | BBARMP/JLRB / NCB/04/081-082 | Construction of Launching and Vertical Revetment at different parts of Jhagadiya Nala, Bansghadi Municipality-7 & 9, Bardiya | Syarona Construction, Kohalpur-5, Banke | 65,11,498.55 |

**Project Chief**